# पाणिनी गाउँपालिका

Panini Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र सङ्ख्या/Letter No.: ०७९/०८०
चलानी नं./Ref.No.:

**रोजगार संयोजक र रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !**

**(प्रथम पटक प्रकाशित मितिः- २०८०/०१/१०)**

नेपाल सरकारद्वारा सञ्चालित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत पाणिनी गाउँपालिकाको रोजगार सेवा केन्द्रको लागि रोजगार संयोजक र रोजगार सहायक पदमा खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिदसहित यस कार्यालयमा दरखास्त आवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन न. | पद | तह | माग सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | रोजगार संयोजक | छैटौं | १ (एक) | |
| २ | ०२/२०७९/०८० | रोजगार सहायक | पाँचौं | १ (एक) | |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

क. रोजगार संयोजकको लागिः

- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,
- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,
- आधारभूत कम्प्युटर सीपसम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

ख. रोजगार सहायकको लागिः

- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता तह वा सो सरह उत्तीर्ण गरेको,
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- आधारभूत कम्प्युटर सीपसम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

**२. दरखास्त दिने स्थानः-** पाणिनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दुर्गाफाँट, अर्घाखाँची ।

**३. दरखास्त दिने अन्तिम मितिः-** २०८०/०१/२४

**४. आवेदन दस्तुरः-** रोजगार संयोजक पदका लागि रू. १,०००।– र रोजगार सहायक पदका लागि रू. ५००।– मात्र ।

**५. छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

**६. सेवा सुविधा र करार समायवधिः--** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा १८, १९ र प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३, १४ बमोजिम हुनेछ । साथै करार समयावधि प्रधानमन्त्री रोजगार कार्यक्रम निरन्तरतासम्म मात्र हुनेछ ।

**७. आवेदनका साथ संलग्न कागजातहरुः-** आवेदक स्वयम्ले प्रमाणित गरेको नागरिकताको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रीक प्रमाणपत्र, तालिमको प्रमाणपत्र, अनुभव भए सोको कागजात र दुईप्रति पासपोर्ट आकारको फोटो ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः-** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ र प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ मा उल्लेख गरे अनुसारको कार्यविवरण हुनेछ ।

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

***द्रष्टब्यः*** *आवेदनको ढाँचा र विज्ञापन गरिएका पदहरूको कार्यविवरण तथा पाठ्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np र पाणिनी गाउँपालिकाको वेबसाइट www.paninimun.gov.np मा उपलब्ध छ । थप जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।*